आज मिति २०८१ साल फागुन ०५ गते सोमवारका दिन भिमाद नगरपालिका, तनहुँको आर्थिक वर्ष २०८१/०८२ को नगर कार्यपालिकाको बाह्रौं वैठक नगर प्रमुख श्री दधिराज सुवेदीज्यूको अध्यक्षतामा तपसिल अनुसारको उपस्थितिमा वसि देहाय वमोजिम निर्णय गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| | श्री दधिराज सुवेदी | अध्यक्ष | प्रमुख |
| | श्री शारदा खनाल | सदस्य | उप-प्रमुख |
| | श्री दिपक आले | सदस्य | वडा अध्यक्ष १ |
| | श्री दिनेश कुमार थापा | सदस्य | वडा अध्यक्ष २ |
| | श्री पदमराज सेन ठकुरी | सदस्य | वडा अध्यक्ष ३ |
| | श्री रामकृष्ण राना | सदस्य | वडा अध्यक्ष ४ |
| | श्री पदम वहादुर थापा | सदस्य | वडा अध्यक्ष ५ |
| | श्री श्याम सुन्दर जोशी | सदस्य | वडा अध्यक्ष ६ |
| | श्री प्रकाश श्रेष्ठ | सदस्य | वडा अध्यक्ष ७ |
| | श्री अण बहादुर शाही | सदस्य | वडा अध्यक्ष ८ |
| | श्री रन बहादुर थापा | सदस्य | वडा अध्यक्ष ९ |
| | श्री स्यानी माया थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री उमा कुमाल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री इन्दिरा खडका थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री दमन्ती कुमारी शाही | सदस्य | कार्यपालिका सदस्य |
| | श्री ओम कुमारी थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री विर बहादुर वस्याल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री सन्दिप नगर्ची | सदस्य | कार्यपालिका सदस्य |
| | श्री संगिता विक | सदस्य | कार्यपालिका सदस्य |
| | श्री कमलप्रसाद पुन | सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत |
| आमन्त्रित उपस्थिति | | | |
| | श्री सन्दिप पौडेल | | उप-सचिव |
| | श्री टेकावती ढकाल | | शाखा अधिकृत |
| | श्री ऋषिभक्त वाग्ले | | बरिष्ठ प्रशासकीय अधिकृत |
| | श्री हरि पराजुली | | इन्जिनियर |

## आर्थिक वर्ष २०८१/०८२ को बाह्रौं नगर कार्यपालिका बैठकको एजेन्डा तथा निर्णयहरु (२०८१/११/०५)

१. एघारौं कार्यपालिकाको वैठकको समिक्षा सम्बन्धमा,
२. समपुरक योजना र विशेष योजना सम्बन्धमा,
३. कम्प्यूटर शिक्षक, बालविकास सहजकर्ता र सुत्केरी विदा (स्वयमसेवक शिक्षक) व्यवस्थापन कार्यविधी, २०८१ सम्बन्धमा,
४. नगरस्तरीय परिक्षा समिति गठन सम्बन्धमा,
५. जनस्वास्थ्य अधिकृतको नियुक्ति सम्बन्धमा,
६. विविध

### निर्णय नं. १

प्रस्ताव नं.१ उपर छलफल गर्दा मिति २०८१/१०/२१ गते वसेको नगरकार्यपालिकाको एघारौं वैठकमा भएका निर्णयहरुको छलफल भै समिक्षा गरिनुका साथै निर्णय भएका वुँदाहरु कार्यान्वयनको लागि सवैले नियमानुसार गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

राष्ट्रिय योजना आयोग, काठमाण्डौको आर्थिक वर्ष २०८२/०८३ मा समपुरक तथा विशेष अनुदान अन्तरगत संचालन गर्ने योजना तथा कार्यक्रमहरुको प्रस्ताव आव्हान सम्वन्धी मिति २०८१/१०/१६ मा प्रकाशित सूचना अनुसार समपुरक र विशेष अनुदानवाट सञ्चालन हुने गरी यस नगरपालिकाको नगर गौरबको रुपमा रहेका देहाय वमोजिमका आयोजनाहरु छनौट गरी प्रस्ताव पेश गर्ने र समपुरक अनुदानवाट सञ्चालन हुने आयोजनाको हकमा ६० प्रतिशत लागत साझेदारी यस नगरपालिकावाट गर्ने निर्णय गरियो ।

तपसिल

| प्राथमिकता क्रम | योजनाको नाम | योजना स्थल | अनुदानको किसिम | कुल लागत | नगरको लागत | संचालन अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | किहुँ मार्ग कालो पत्रे योजना | वडा नं. १/२ | समपुरक | रु.२५६६२५३८.७३ | रु.१,५३,९७,५१५ | १ वर्ष | आगामी आ.व.मा सम्पन्न हुने |
| १ | पिरुङडाँडा दलित वस्ति एक घर एक धारा खानेपानी | वडा नं. ४ | विशेष | रु. १,५०,१२,६७१.०३/ | | २ वर्ष | |

निर्णय नं.६

प्रस्ताव नं.६ माथि छलफल गर्दा भिमाद नगरपालिकामा देहाय अनुसार कार्यक्रमहरु संचालनको लागि वडा कार्यालयको सिफारिस साथ निवेदनहरु प्राप्त भएकोले भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत नगर विकास योजनाको देहायको शीर्षकवाट देहाय अनुसार रकम विनियोजन गरी भुक्तानी गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | नाम | ठेगाना | रकम माग गर्नुपर्ने कारण | प्राविधिक लागत अनुमान/प्रस्तावना भए/नभएको | विनियोजित/भूक्तानी रकम | शिर्षक नं. र नाम |
|---|---|---|---|---|---|---|
| १ | टाँक बहादुर राना | भिमाद ९ | खानेपानी व्यवस्थापन | भएको | ८६९६/- | सि.नं.१४६ अन्य खानेपानी योजनाहरु पाइप खरिद तथा वितरण समेत |
| २ | विष्णु माया विक | भिमाद ५ | खानेपानी व्यवस्थापन | भएको | ५८६१/- | |
| ३ | गोपाल प्रसाद लम्साल | भिमाद ५ | खानेपानी व्यवस्थापन | भएको | ७३२६/- | |
| ४ | पिरुङ ढोडोङ्गे | भिमाद ४ | खानेपानी व्यवस्थापन | भएको | ४३४८०/- | |
| ५ | टिकावल कामी | भिमाद २ | आरान व्यवस्थापन | - | १५०००/- | सि.नं.९८ परम्परागत पेश व्यवसाय प्रवर्द्धन कार्यक्रम |
| ६ | सिभिल खानेपानी मोटर मिटर मर्मत | भिमाद ४ | खानेपानी व्यवस्थापन | - | ३००००/- | सि.नं.१४८ लागत सहभागितामा खानेपानी तथा मर्मत सम्भार |
| ७ | स्वतन्त्र विद्यार्थी युनियन जनज्योति | भिमाद ६ | भलिवल कप-२०८१ | भएको | २१०००/- | सि.नं.१०८ विविध कार्यक्रम खर्च मध्य नगरकार्य |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | क्याम्पस | | | | | पालिकाको मिति २०८१/७/८ को निर्णय अनुसार |
| ८ | सम्बृद्ध भिमकाली सरोकार समाज | भिमाद १ | पाचौं भिमकाली महोत्सव २०८१ | - | २१०००/- | सि.नं१०८ विविध कार्यक्रम खर्च |
| ९ | प्रेस चौतारी नेपाल | तनहुँ | अधिवेशनमा सहयोग | | २१०००/- | |
| १० | ऋषिङपाटन मोटर मार्गको वान्टाङ खोला किनार संरक्षण | भिमाद ५ | वाटो संरक्षण | भएको | २६८०००/ | सि.नं.१५१ नगर कार्यपालिकाको निर्णय अनुसार सडक, सिंचाई तथा अन्य भौतिक पूर्वाधार निर्माण मर्मत सुधार एवं गत आ.व.को भुक्तानी वाँकी योजनाहरु समेत शिर्षकवाट |
| ११ | भिम भैरव मोटर मार्ग अन्तरगत चिहान डाँडा रिठाभञ्ज्याङ सडक खण्ड पहिरो सरसफाई | भिमाद ९ | पहिरो सरसफाई | भएको | ५६०००/ | |

**निर्णय नं.७**

प्रस्ताव नं.६ उपर छलफल गर्दा भिमाद नगरपालिका वडा नं.१ डुम्रीवेशीमा रहेको विरुवा, आधमारा दोभान सडक खण्ड देखि रहहाले मोटर मार्ग नयाँ ट्याक निर्माणका लागि प्राविधिकको लागत अनुमान अनुसार रकम विनियोजन गरिदिन भनि च.नं.५४७ मिति २०८१/०९/२५ को वडा कार्यालयको सिफारिस भई आएकोले सो मार्ग निर्माणका लागि सि.नं.१५१ नगर कार्यपालिकाको निर्णय अनुसार सडक, सिंचाई तथा अन्य भौतिक पूर्वाधार निर्माण मर्मत सुधार एवं गत आ.व.को भुक्तानी वाँकी योजनाहरु समेत शिर्षकवाट रु.२०००००/- अक्षरुपी दुई लाख रुपैया रकम विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.८

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्रभित्र मिति २०८१/०३/२२ गते परेको अविरल वर्षाका कारण भिमाद २ निवासी श्याम कुमारी रानाको घर जोखिमपूर्ण अवस्थामा रहेकोले उक्त घर संरक्षण गर्नका लागि लागत अनुमान तयार गरि पेश गर्ने भनि ११औं कार्यपालिकाको वैठकवाट निर्णय भएकोमा प्राविधिकवाट तयार गरिएको लागत अनुमान वमोजिम २०थान जाली र लागत सहभागीता अनुसार रु. ३९०००/ सि.नं. ७८ विपद व्यवस्थापन कोषवाट रकम विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.९

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्रभित्र मिति २०८१/०३/२२ गते परेको अविरल वर्षाका कारण क्षेति भएका र उत्पादनका हिसावले महत्वपूर्ण मानिएका तपसिलका बाँधकुलोहरु पुन निर्माणका लागि लागत अनुमान तयार गरी पेश गर्ने भनि ११औं कार्यपालिकाको वैठकवाट निर्णय भएकोमा प्राविधिकवाट तयार गरिएको लागत अनुमान वमोजिम आवश्यक अनुसार ग्यवियन जाली नगरपालिकावाट उपलव्ध गराउने र वार्षिक नगर विकास योजनाको सि.नं. १५३ लागत सहभागितामा संचालन गरिने पूर्वाधार योजना र लागत सहभागितामा उत्पादनमुलक सामाग्री खरिद समेत शीर्षकवाट उपभोक्ताहरुको ३० प्रतिशत लागत सहभागिता हुने गरी नगरपालिकाको ७० प्रतिशतले हुने देहाय वमोजिमको रकम विनियोजन गरी योजना संचालन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स | योजनाको नाम | ठेगाना | नगरपालिका अनुदान रु. (७० %) | कैफियत |
|---|---|---|---|---|
| १ | ढुङ्गेकोल कुलो मर्मत | भिमाद ४ | ४७०००/ | |
| २ | साठीमुरे बाँध तथा कुलो जाली मर्मत | भिमाद ७ | १२८०००/ | |
| ३ | बरखोल बाँध मर्मत तथा संरक्षण | भिमाद ९ | १६८०००/ | |
| ४ | धन्दुर खेत संरक्षण | भिमाद ९ | २५३०००/ | |
| ५ | छत्तिसको खेत संरक्षण | भिमाद ७ | १६०००/ | |
| ६ | शिया खानी रातडाँडा अन्वेषण डिप टयूवेल सिंचाई योजना संरक्षण | भिमाद-७ | १९०००/ | |
| ७ | खहरे खेत संरक्षण योजना | भिमाद-३ | ४२०००/ | |

निर्णय नं.१०

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्रभित्र मिति २०८१/०३/२२ गते परेको अविरल वर्षाका कारण क्षेति भएका र उत्पादनका हिसावले महत्वपूर्ण मानिएका तपसिलका बाँधकुलोहरु पुन निर्माणका लागि लागत अनुमान तयार गरी पेश गर्ने भनि ११औं कार्यपालिकाको वैठकवाट निर्णय भएकोमा प्राविधिकवाट तयार गरिएको लागत अनुमान वमोजिम वार्षिक नगर विकास योजनाको सि.नं. १५३ लागत सहभागितामा संचालन गरिने पूर्वाधार योजना र लागत सहभागितामा उत्पादनमुलक सामाग्री खरिद समेत शीर्षकवाट उपभोक्ताहरुको ३०

प्रतिशत लागत सहभागिता हुने गरी नगरपालिकाको ७० प्रतिशतले हुने देहाय वमोजिमको रकम विनियोजन गरी योजना संचालन गर्ने निर्णय गरियो ।

तपसिल

| क.स | योजनाको नाम | ठेगाना | नगरपालिका अनुदान रु. (७० %) | कैफियत |
|---|---|---|---|---|
| १ | कराङ बाँध | भिमाद ४ | ८८००/ | |
| २ | बेमरे बाँध | भिमाद ४ | १७५००/ | |
| ३ | सुपारे बाँध निर्माण | भिमाद ६ | ४१८०००/ | |
| ४ | धुवाखोला माथिल्लो कुलो निर्माण र पहिरो फाल्ने | भिमाद ९ | ६८०००/ | |

**निर्णय नं.११**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्रभित्र मिति २०८१/०३/२२ गते परेको अविरल वर्षाका कारण क्षेति भएको भिमाद नगरपालिका वडा नं. ४ पिरुङ खोलामा रहेको चिसोपानी धनहरा खेत सरसफाई तथा तटवन्धन गर्न लागत सहभागितामा रकम विनियोजन गर्न भिमाद नगरपालिका वडा नं. ४ को चं. नं. ३४४ मिति २०८१/०९/२१ को पत्रवाट लेखि आएको हुँदा लागत अनुमान तयार गरी पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा भिमाद नगरपालिका वडा नं. ७ वस्ने वलभद्रको नाती मेघनाथको छोरा वर्ष ३९ का केदार ढकालको नाउँमा दर्ता श्रेष्ता कायम भएको ऐ. स्थित न.नं. २/क कि.नं. ४३० क्षेत्रफल २-४-१-३ रहेको भिरालो पाखा जग्गालाई सम्माएर आवासयोग्य बनाउन पर्ने भएकोले उक्त भिरालो जमिन मेसिन लगाई सम्माउनको लागि अनुमति पाउँ भनि निवेदन पेश भएको साथै यस विषयमा प्राविधक प्रतिवेदनमा कार्यसूची स्वीकृत गरी प्रारम्भिक वातावरणीय प्रतिवेदनको आधारमा उत्खनन् अनुमति दिन भन्ने व्यहोराको राय प्राप्त भएकोले माग भई आए बमोजिमको कार्यसूची स्वीकृत गरी गरी प्रारम्भिक वातावरणीय प्रतिवेदन प्रक्रिया अगाडी बढाउन जग्गा धनीलाई अनुमति प्रदान गर्ने निर्णय गरियो ।